# श्री कुमारी बैंक लिमिटेडको
# सत्रौं तथा अठारौं वार्षिक साधारण सभाको
## निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको सत्रौं तथा अठारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय**

**मिति** : २०७६ साल बैशाख महिना २६ गते विहीवार (तदनुसार ९ मे २०१९)

**स्थान** : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि, काठमाडौं ।

**समय** : विहान १०:३० बजे ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७५ साल चैत्र महिना २५ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको सत्रौं तथा अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७५ चैत्र २७ गते र २०७६ बैशाख १७ गते क्रमश: कारोबार राष्ट्रिय दैनिक र अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा सत्रौं तथा अठारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लि.लाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि वाह्य लेखापरीक्षक श्री विआरएस न्यौपाने एण्ड कम्पनीलाई र कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु थापा र अधिवक्ता भिमसेन बन्जरलाई अनुरोध गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. सत्रौं र अठारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

KUMARI BANK LTD. CORPORATE OFFICE

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७४ र आषाढ मसान्त २०७५ को वासलात, आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७४/०७५ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. आ.व.२०७४/०७५ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयवाट नियुक्त लेखापरीक्षक श्री बिआरएस न्यौपाने एण्ड कम्पनीका चाटर्ड एकाउन्टेण्ट श्री अनुप कुमार श्रेष्ठको नियुक्तीलाई अनुमोदन गर्ने र आ.व.२०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनि समूह "क" को तर्फवाट २ जना र सर्वसाधारण शेयरधनी समूह "ख" को तर्फवाट २ जना गरी जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को लागि चुक्ता पूँजीको १२.७५ प्रतिशत र आ.व. २०७४/०७५ को लागि चुक्ता पूँजीको ८.५ प्रतिशत गरी जम्मा २१.२५ (एक्काईस दशमलव दुई पाँच) प्रतिशत अर्थात रु.१,५२,२१,७८,१३९/ (अक्षेरेपी एक अर्व बाउन्न करोड एक्काईस लाख अठहत्तर हजार एक सय उनान्चालिस) बराबरको बोनश शेयर स्वीकृत गर्ने र सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गर्ने ।

२. बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय प्रदेश नं.३ स्थित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ टंगाल कायम गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

३. सम्बन्धित निकायको स्वीकृति लिइ बैंक आफै वा आवश्यक परे सहायक कम्पनी मार्फत शेयर दलाल सम्बन्धी कार्य गर्नको लागि प्रबन्धपत्रमा बैंकले गरिने कार्यहरु अन्तर्गत दफा ४ (ह) मा थप गर्ने ।

४. सञ्चालक समितिको संख्या र कार्यकालका सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनसँग मेल खाने गरी बैंकको नियमावलिको नियम ८ (२ र (३), नियम १६ (१) र (२) मा संशोधन गर्ने ।

५. सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधामा वृद्धि हुने गरी बैंकको नियमावलीको नियम २९ (१) (ख) र (ग) संशोधन गर्ने ।

६. बैंकले आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

७. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिवाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्नु पर्ने पारिश्रमिक तोक्न लगायतका प्रकृयाहरु अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

८. माथि उल्लेख गरेनुसार बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्न, बैंकले गरिने कामहरुको क्रमसंख्या मिलाउन, थप गर्न, बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्न, सञ्चालक समितिको संख्या र कार्यकाल आदि ऐन बमोजिम मिलाउन प्रबन्धपत्रको दफा (२) को (१) संशोधन गर्ने, दफा ४ (ह) को १६ (क) र १६ (ख) मिलाउने, दफा ४ (ह) को १७ थप गर्ने र दफा ५ (ख) र (ग) संशोधन गर्ने । त्यसैगरी

KUMARI BANK LTD. CORPORATE OFFICE

नियमावलीको नियम २, नियम ८ (२) को (क), (ख) र (ग), नियम ८ (३), नियम १६ (१) र (२), नियम २९ (१) को (ख) र (ग) संशोधन गर्ने ।

९. बैंकको प्रबन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारि निकायहरुवाट कुनै कुराहरु फेरबदल/शंसोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. विविध ।

४) **सभामा उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री सन्तोष कुमार लामा | अध्यक्ष – उपस्थित |
| २) | श्री उत्तम प्रसाद भट्टराई | सञ्चालक – उपस्थित |
| ३) | ई. बिनोद दवाडी | सञ्चालक – उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवालि | सञ्चालक – उपस्थित |
| ५) | श्री ऋषी अग्रवाल | सञ्चालक – उपस्थित |
| ६) | डा. गणेश प्रसाद पाठक | सञ्चालक – उपस्थित |

(ख) **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) आमन्त्रित वाहृय लेखापरीक्षक बिआरएस न्यौपाने एण्ड कम्पनीका प्रतिनिधि श्री अनुप कुमार श्रेष्ठ

२) आमन्त्रित, कानुनी सल्लाहाकार– अधिवक्ता श्री भिमसेन बन्जरा ।

(ग) **बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | श्री सुरेन्द्र भण्डारी | – प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अनुजमणी तिमिल्सिना | – बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री राजिव गिरी | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ४) | श्री उमेश सिंह भण्डारी | – नायव प्रमुख कार्यकारी अधिकृत |
| ५) | श्री अंगिर मान सिंह | – नायव महाप्रबन्धक |
| ६) | श्री मनिष तिमिल्सिना | - नायव महाप्रबन्धक |
| ७) | श्री रामचन्द्र खनाल | - सहायक महाप्रबन्धक |
| ८) | श्री नरेन्द्र प्रसाद छत्कुली | - कम्पनी सचिव/प्रमुख-कानून |
| ९) | श्री राजेश श्रेष्ठ | - प्रमुख कार्यकारी अधिकृत– कुमारी क्यापिटल लि. |
| १०) | श्री गणेश कुमार के.सी. | – प्रमुख – आन्तरिक लेखापरीक्षक |

(घ) **शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित ३० जना र प्रोक्सी दिने १३७ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या २,९८,४७,२४०

KUMARI BANK LTD. CORPORATE OFFICE

२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित १,२६८ जना र प्रोक्सी दिने २४१ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ९४,०३,९९४

३) कुल शेयरधनीको प्रतिनिधित्व संख्या १,६७६

४) शेयरको कुल उपस्थिति प्रतिशत ५४.७९

५) **सभाको गणपूरक संख्या :**

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुल शेयर संख्या ७,१६,३३,९४९ | ३,९२,५१,२३४ | १,२९८ | ३७८ | १,६७६ | ५४.७९ |

६) **सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान १०:३० बजेसम्म कूल शेयर संख्या (७,१६,३३,९४९) को ३,६५,५१,७६९ शेयर अर्थात ५१.०३ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले आसन ग्रहण गर्नुभयो ।

८) **सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको सत्रौं तथा अठारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०७३।७४ र आ.व. २०७४/७५ को संक्षिप्त वित्तीय झलक, चालु आ.व.को लक्ष्य, तेस्रो त्रैमासिक अर्थात २०७५ चैत्र मसान्त सम्मको संक्षिप्त वित्तीय सूचक, सञ्चालक समितिको कार्यकाल तथा सञ्चालक निर्वाचन हुन नसक्नाका कारण, सञ्चालक निर्वाचन सम्बन्धमा सञ्चालक समितिको प्रतिवद्धता जस्ता कुराहरुको बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

९) **सत्रौं तथा अठारौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फवाट बैंकको, सत्रौं तथा अठारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ र आ.व. २०७४/७५ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०) **छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको सत्रौं तथा अठारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ र आ.व. २०७४/७५ को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु:**

१. श्री अमृतनाथ रेग्मी
२. श्री ब्यास कुमार शर्मा
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री भक्ति प्रसाद उप्रेती
५. पूर्व मेजर श्री कुवेर श्रेष्ठ
६. श्री चन्द्र नारायण श्रेष्ठ
७. श्री अमिर दास रंजित
८. श्री शिव प्रसाद पौडेल
९. श्री कृष्ण प्रसाद अधिकारी
१०. श्री उत्तम पाठक
११. श्री ईन्द्र कृष्ण श्रेष्ठ
१२. अधिवक्ता गणेश गिरी

१२) **छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावहरु:**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:–

क) **श्री अमृतनाथ रेग्मी:–** सभालाई सम्बोधन गर्दै यस बैंकलाई व्यवस्थित गर्न र अव कता जाने भन्ने कुरा तय गर्नु पर्ने धारणा राख्दै २ वर्षको AGM एकै चोटि गर्नाको कारण माग गर्नु भयो । अध्यक्षज्यूको मन्तब्य पनि प्रतिवेदनमा समावेश भएको भए राम्रो हुन्थ्यो भन्दै २ वर्षको प्रतिवेदन दिंदा पछिल्लो आ.व.को अगाडि राख्ने चलन रहेको प्रति ध्यानाकर्षण गराउनु भयो । उहाँले आगामि वार्षिक प्रतिवेदनमा महिला सञ्चालक देख्ने ईच्छा थियो तर अझै समय कुर्नु पर्ने अवस्था देखियो भन्दै यस बैंकले ऋणपत्र जारी गर्नु पर्ने र त्यो पनि completely नयाँ खालको हुनु पर्ने जुन share option सहित आउनु पर्ने धारणा राख्नु भयो । यस बैंकको peer group को रुपमा Mega र Prime Bank सँग तुलना

KUMARI BANK LTD. CORPORATE OFFICE

गर्दै लगानि बढाउनु पर्ने, ब्याज आम्दानि बढाउनु पर्ने र चालु आ.व.को ९ महिनाको आम्दानि peer group भन्दा कम भयो भन्ने धारणा राख्नु भयो । Role model बैंकहरुमा Nabil, Standard Charterd र HBL को नाम लिंदै ति बैंकलाई हेरेर आफुलाई correction गर्नु पर्छ भन्नु भयो । बैंकको Off Balance Sheet income र Forx income बढाउनु पर्छ, Over head expenses घटाउनु पर्छ भन्ने सुझाव व्यक्त गर्नु भयो । उहाँले मर्जर तर्फ ईगिंत गर्दै आफु sustain हुन नसक्ने हो भने आफ्नो कमाई १ अर्व छ भने कम्तिमा पनि रु.३ अर्व हुने गरी समयमै संगम खोज्न सुझाव गर्नु भयो । उहाँले लेखापरीक्षकले समयमै प्रतिवेदन दिन र एउटा मात्र auditor ले समयमा काम सम्पन्न गर्न नसक्ने भए multi auditor राख्न सकिने सुझाव गर्नु हुँदै आगामि वार्षिक साधारण सभा आश्विन मसान्त भित्रै गर्न अनुरोध गर्नु भयो । उहाँले बैंकको आफ्नै जग्गा छ भने बासस्थान नबनाएकोमा पनि गुनासो गर्दै कति समय सम्ममा आफ्नै घर बन्छ भन्ने प्रतिवद्धता सहित र आगामि वर्ष कति प्रतिशत return दिने अध्यक्षवाट जवाफ पाउँ भन्नु भयो ।

ख) **श्री ब्यास कुमार शर्मा** :– प्रमुख कार्यकारी अधिकृतको पुनरागमन र supporting hands समेत ल्याउनु भएकोमा धन्यवाद दिदै पूर्व वक्ताले अन्य बैंकहरुसँग तुलाना गर्नु भयो भने आफुले यहि बैंकको अघिल्लो आ.व.सँग तुलाना गर्न चाहेको विचार व्यक्त गर्नु भयो । उहाँले नियमन निकायको निर्देशन अनुसार चुक्ता पुँजी पुऱ्याउन सफल भएकोमा, निक्षेपमा भएको बृद्धि, portfolio मा भएको बृद्धि, कुल सम्पत्तिमा भएको बृद्धि, खुद नाफामा भएको बृद्धि र अब बैंकले मुनाफामा अरवको लाईन समातेकोमा सकारात्मक छ भन्ने धारणा राख्नु भयो । त्यसैगरी निष्कृय कर्जा १% मा झार्न सफल भएकोमा बधाई दिंदै operating cost घटाउन, Big merger को हल्ला छ सो तर्फ विचार गर्न, नियमक निकायले spread rate घटाउन, CD ratio maintain गर्न र portfolio management गर्न गरेको निर्देशन प्रति विचार गरी Quality lending तर्फ ध्यान दिन सुझाव गर्नु भयो । त्यसैगरी उहाँले EPS बढाउन, Networth बृद्धि गर्न, Capital cost reduce गर्न सुझाव गर्दै संस्थागत सुशासन कायम गरी राम्रो प्रतिफल दिन र समयमै साधारण सभा सम्पन्न गर्न सक्षम होस भन्ने शुभकामना दिनु भयो ।

ग) **श्री उद्धव प्रसाद घिमिरे** :– वासलात राम्रो छ र लाभाँश उच्च मनोवल राख्ने गरी २१.२५% आएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । लेखापरीक्षकले समयमा लेखापरीक्षण गरेकोमा धन्यवाद, Big merger को कुरा आएको छ त्यस तर्फ ध्यान दिदै कुमारी जिवित देविको नामवाट यस बैंकको नाम रहेको र लोगो पनि त्रिनेत्र जस्तो भएकोले आफ्नो Brand name नछाड्न सुझाव गर्नु भयो । AGM समयमै सम्पन्न गर्न, EPS, Net profit, Forex income बढाउन सुझाव गर्नु भयो । तेस्रो त्रिमासको result राम्रो छ अझै सुधार गर्न Board र Management सफल होस् भन्ने शुभकामना दिदै merger बाट Tax rebate भएकोमा पनि खुशी व्यक्त गर्नु भयो ।

घ) **श्री भक्ती प्रसाद उप्रेतिः**– उहाँले सर्वप्रथम लाभाँश प्रति धन्यवाद ज्ञापन गर्दै Capital management मा नै सयम बितेको तथापि चार वटा संस्थाहरुलाई प्राप्ति गर्न सफल भएकोमा खुशी व्यक्त गर्नु भयो । सहायक कम्पनी स्थापना भएको छ आगामि वर्ष सो कम्पनीको नाफाले पनि सहयोग पुग्ने अपेक्षा व्यक्त गर्दै वासलातको पेज नं.२२२ को सि.नं.५ अन्तर्गत ८.५% हुनु पर्नेमा त्यस्तो त्रुटी हुन नदिन सुझाव दिनु भयो । पेज नं.१०१ मा झण्डै ४८ करोड नाफा घटाउने NRB को निर्देशनले शेयरधनीलाई मर्का परेको छ यस विषयमा नेपाल राष्ट्र बैंकसँग पत्राचार गर्न अनुरोध गर्नु भयो । कर्मचारी संख्या २ वर्षमा

KUMARI BANK LTD. CORPORATE OFFICE

दोब्बर भएको छ, प्राप्तिवाट आएका कर्मचारीहरुलाई Frustration तथा humiliation नहोस सबैमा हामि कुमारी बैंकको कर्मचारी हौं भन्ने भावना विकास हुने गरी विना भेदभाव व्यवहार गरियोस, succession plan को व्यवस्था गरियोस, Auditor नियुक्ती गर्दा आश्विन मसान्त भित्र प्रतिवेदन दिने प्रतिवद्धता गराईयोस, लाभाँश बुझ्न बाँकि शेयधरनीलाई फोनवाट खवर गरियोस्, बैंकमा सुरक्षाको राम्रो व्यवस्था होस् र कर्मचारीको असावधानिको कारण बैंक नोक्सानिमा नपरोस भन्ने सुझाव राख्नु भयो । अन्तमा आगामि वर्ष १५% मा नघटाई लाभाँश दिन र अघि भनेको झण्डै रु.४८ करोड फिर्ता ल्याउन पहल गरियोस् ताकि सो फिर्ता हुँदा ५% लाभाँश थप हुन गई २०% हुने धारणा राख्नु भयो ।

ङ) **श्री कुवेर श्रेष्ठ (पूर्व मेजर)**: उहाँले मर्जरमा जानुको सट्टा आफै sustain हुन सकिन्छ भने आफै उभिन सुझाव गर्नु हुँदै बैंकको short term र long term plan बनाउन सुझाव गर्नु भयो । CSR अन्तर्गतको खर्च transparant हुनु पर्‍यो भन्दै दुर्गमका गरिव विद्यार्थिलाई छात्रवृद्धिको व्यवस्था गर्न सुझाव दिनु भयो । कर्मचारी खर्च र प्रशासनिक खर्च कम गर्न, कुमारी बैंकको ग्राहक संख्या र शेयरधनीले धारण गरेको शेयरको range सहित वासलातमा दिन सुझाव गर्नु भयो । आगामि वर्ष रु.१२५ करोडको खुद मुनाफा हाँशिल गर्न, reserve बढाई रु.५ अर्व पुर्‍याउन सुझाव दिनु भयो । बैंकको निष्कृय कर्जा १.०५ भएकोमा खुशि व्यक्त गर्दै लेखापरीक्षकले दिएको सुझावलाई कार्यान्वयन गर्न र त्यो सुझाव के थियो त्यो पनि वासलातमा राख्न सुझाव गर्नु भयो । नयाँ कर्मचारीहरुलाई शाखा, विभागमा पठाउनु भन्दा अघि तालिमको व्यवस्था गरियोस, यस बैंकले तुलाना गर्दा सानिमा, सिद्धार्थ र बैंक अफ काठमाण्डूसँग गर्न सुझाव गर्नु भयो । अन्तमा आगामि वर्ष १५% नघट्ने गरी प्रतिफल दिने प्रतिवद्धता जनाउन र कर्मचारीहरुले ईमान्दार भएर राम्रोसँग कार्य गर्न सुझाव गर्नु भयो ।

च) **श्री चन्द्र नारायण श्रेष्ठ :–** श्री श्रेष्ठले कुमारी भनेको कुमार्गमा जानवाट रोक्ने देवी भएको धारणा राख्दै २१.२५% शेयर लाभांश दिएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । बैंकको ८६ वटा शाखावाट कति ग्राहकहरुले सेवा पाएको छ भन्ने जानकारी वासलातमा राख्न सुझाव दिनु भयो । कुल आम्दानिमा ब्याज आम्दानि industry भन्दा निकै तल छ, जसरी कर्मचारीको तलव भत्ता बढ्छ र सञ्चालकहरुको भत्ता बढाउने प्रस्ताव आएको छ त्यसैगरी शेयधरनीहरुलाई पनि प्रतिफल बढाउन सुझाव गर्नु भयो ।

छ) **श्री अमिर दास रञ्जित:–** साधारण सभा समयमै गर्न सुझाव गर्नु हुँदै कुमारी बैंकमा स्थिरता आएकोमा, portfolio बढेकोमा र चालु आ.व.को तेस्रो त्रिमासको result राम्रो भएकोमा खुशी व्यक्त गर्नु भयो । उहाँले ब्याजदर अन्तर ज्यादै कम भएकोमा चिन्ता जोहर गर्दै चालु आ.व.को चौथो त्रिमासको लक्षित नाफा कति भनि प्रश्न गर्नु भयो ? मर्जर तर्फ ध्यानाकर्षण गराउँदै ठूलो संस्थामा बिलय हुनु भन्दा साना संस्था लिएर अगाडि बढ्न सुझाव गर्नु भयो ।

ज) **श्री शिव प्रसाद पौडेल :–** उहाँले २ वर्षको शेयर लाभांश २१.२५% दिएकोमा धन्यवाद दिंदै सधैको लागि सबैको लागि भन्ने नारा जस्तै सधैं कुमारी नै हुनु पर्‍यो भन्ने सुझाव गर्नु भयो । बाह्य लेखापरीक्षकको पारिश्रमिक बढाएरै भए पनि समयमा Audit सम्पन्न गर्न, CSR अन्तर्गत दुर्गम क्षेत्रका विद्यार्थिलाई पुस्तक वितरण गर्न, उच्च व्यवस्थापनलाई भेट्न सजिलो गरियोस, कर्मचारीलाई समय सापेक्ष तालिमको व्यवस्था गरि आदरपूर्वक व्यवहार गर्ने बानि बसालियोस, मर्जरवाट आएका कर्मचारीलाई

KUMARI BANK LTD. CORPORATE OFFICE

विभेद नगरि उच्च मनोबल हुने व्यवहार गरियोस भन्दै अन्तमा पेज नं.४७ मा गैर बैकिंग सम्पत्ति बढेको तर्फ ध्यानाकर्षण गराउनु भयो ।

झ) **श्री कृष्ण प्रसाद अधिकारी** :– श्री अधिकारीले प्रतिफल राम्रो भएकोमा धन्यवाद ज्ञापन गर्दै समयमा साधारण सभा सम्पन्न गर्न, CEO को कार्यकाल राम्रो होस्, शेयरधनीलाई सुझावको लागि बोलाएमा सुझाव दिन तयार छौं भन्दै पूर्ववक्ता साथिहरुले दिएको सुझावमा समर्थन रहेको विचार व्यक्त गर्नु भयो ।

ञ) **श्री उत्तम पाठक** :– साधारण सभा समयमा सम्पन्न गर्न सकेको भए राम्रो हुन्थ्यो भन्दै लेखापरीक्षकको कारणवाट ढिलो भएको भए ढिलो साधारण सभाको हर्जाना कसले तिर्ने भन्ने प्रश्न गर्नु हुँदै सञ्चालक समितिको परिचय दिएको भए राम्रो हुने धारणा राख्नु भयो । तेस्रो त्रिमासको result हेर्दा यहि क्रमले चौथो त्रिमासमा ९% मात्र लाभांश दिने अवस्था देखिन्छ भन्नु हुँदै लाभाँश दिंदा नगद र बोनस मिलाएर दिन पनि सुझाव गर्नु भयो । विशेष प्रस्ताव अन्तर्गत सञ्चालकको भत्तामा अध्यक्ष र सञ्चालकलाई किन फरक राखि विभेद गरिएको भन्ने प्रश्न गर्नु भयो । CSR अन्तर्गतको खर्चमा कुनै आपत्ति नभएको तर त्यो रकम सवै वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको Basket fund बनाएर कार्य गर्दा सृजानात्मक कार्य गर्न सकिने धारणा राख्नु भयो ।

ट) **श्री ईन्द्र कृष्ण श्रेष्ठ**:– २ वर्षको साधारण सभा गर्दा शेयरधनीलाई फाईदा नभई कर्मचारी र सञ्चालकलाई मात्र फाईदा भएको, बैंकले आशा गरेनुसारको प्रतिफल दिन नसकेको, वासलातको पेज नं.१४ मा रु.२८ करोड कर्जा नोक्सानि व्यवस्था फिर्ता भएको reason छैन भन्दै सञ्चालकहरुले विदेश भ्रमणको सट्टा आफ्नै शाखाहरुको भ्रमण गर्न सुझाव गर्नु भयो । अन्तमा आगामि वर्ष कति प्रतिशत लाभांश दिने हो CEO बाट जवाफ दिनु पऱ्यो भन्नु भयो ।

ठ) **श्री शिव प्रसाद शर्मा**:– उहाँले कुमारी देवीको राम्रो सेवा गर्न, सञ्चालकमा महिला राख्न, शाखा अनुसार आम्दानि बढाउन, भावि रणनीति तयार गर्न, Over valuation गरेर कर्जा नदिन र कर्मचारी अनुसारको आम्दानि बढाउन सुझाव गर्नु हुँदै आगामि वर्ष १५% मा नघटाई प्रतिफल दिन सुझाव गर्नु भयो ।

ड) **अधिवक्ता गणेश गिरी**:– वासलातमा कस्ता कस्ता परियोजनामा लगानि गरेको भन्ने कुरा देखिएन, २ वर्षको साधारण सभा हुँदा वासलात लामो र जटिल भयो, CEO र अन्य कर्मचारीको तलब कति हो भन्ने छुट्टिएन, CEO को अन्य कर्मचारीको तलवको एक तिहाई हुनु राम्रो भएन, २ वर्षको एकैचोटि साधारण सभा गर्नु सञ्चालक समितिको कमजोरि हो, आधार दर भनेको छलछाम दर हो, ब्याज बढाउँदा महिनै पिच्छे बढाउने तर घटाउँन निवेदन दिनु पर्ने, गैर बैकिंग सम्पत्तिको Disposal कहिले हुन्छ ? भन्ने प्रश्न गर्दै घर जग्गालाई बिक्री गरी नगद परिचालन गर्न सुझाव गर्नु भयो । वासलातमा सञ्चालक र अन्य कर्मचारीको पारिश्रमिक छुट्याएर दिन, शाखालाई मुनाफाको आधारमा सम्मान गर्न र उपभोक्ताको हित हुने गरी कार्य गर्न सुझाव गर्नु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

**लिखित मन्तव्य दिने शेयरधनी श्री नरसिंह लाल चंखु :–** वासलात हेर्दा बैंकले प्रगति गरेको देखिन्छ र लगानिकर्ताको हित एवं प्रतिफलमा ध्यान दिएकोमा सञ्चालक समिति र व्यवस्थापन समूहलाई धन्यवाद । तेस्रो त्रिमासको प्रगतिवाट अरवको श्रेणि चुम्न सफल भएको, EPS र Eearning ratio बढेको, Deposit, NII ratio सकारात्मक छ, Business activities बढेको छ, आगामि वर्ष थप जोड दिनु पर्छ, Forex मा gain गर्न सफल भएको छ, कुल सम्पत्ति र खुद नाफा सामान्य घटेको छ, CD ratio maintain गर्नु पर्छ भन्ने लाग्छ, NPA सुधार भएको छ, Indicator मा Base rate उल्लेख भएन, Credit management, Assets quality, ROA , Recovery मा बैंक सफल भएको छ, उठाउन बाँकि हिसावहरु उठाउनु पर्छ, Earning per employee मा थप जोड दिनु पर्छ, शाखाहरुको क्रियाकलाप नाफामुखि हुनु पर्छ, शाखाहरुको सुशासन र वित्तीय अनुशासनमा सजग हुनु पर्छ, MIS मा सुधार भएको छ, HR team motivate हुनु पर्छ भन्ने सुझाव दिँदै अन्तमा बैंकको सफल प्रगतिको कामना गर्दछु भनि लिखित मन्तव्य दिनु भयो ।

**१३) सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको आ–आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृतवाट जवाफ दिने व्यहोरा सभालाई जानकारी गराउनु हुँदै प्रमुख कार्यकारी अधिकृतलाई जवाफको लागि निर्देशन गर्नु भयो ।

**प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीद्वारा प्रस्तुत जानकारी :**

अध्यक्षज्यूको अनुमतिले वक्ता शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा प्रति धन्यवाद ज्ञापन गर्दै देहाय बमोजिम प्रस्टिकरण दिनु भयो ।

१) बैंकको Corporate culture परिवारको रुपमा छ, कर्मचारीहरु विच कुनै विभेद छैन, कसैको काम ठूलो र कसैको काम सानो हुँदैन भन्ने भावनाले काम गरेको र प्राप्तिवाट आएका कर्मचारी र कुमारीका कर्मचारी भन्ने कुनै विभेद नभएको व्यहोरा जानकारी गराउँदै आफु आउँदा सबै कुमारीकै कर्मचारी भएकोले त्यसमा कसैलाई काखा र कसैलाई पाखा भन्ने प्रश्नै नहुने प्रस्टिकरण दिनु भयो ।

२) आफु आएको झण्डै २ वर्ष भएको र यो अवधिमा सर्व प्रथम बैंकको Core Banking software Finacle मा change गरी कडा मिहिनेतका साथ छोटो समयमा go live गरी Finacle को मुख्य कम्पनी Infosis ले यस बैंकलाई अन्तराष्ट्रिय award समेत दिएको व्यहोरा जानकारी गराउनु भयो ।

३) बैंकको Technology base infrusture मा थप मजवुत बनाएको, Corporate Office in one place बनाएको, नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार विभिन्न दुर्गम स्थानहरुमा शाखा खोलि संचालनमा ल्याएको, अन्य विभिन्न स्थानमा शाखा खोलि शाखा संजाल वृद्धि र lease hold development को काम गरी quilified manpower appointment को काम गरेको व्यहोरा जानकारी गराउनु भयो ।

४) बजारमा तरलताको अवस्था पेचिलो बनेकोले बैंकले लक्ष्य अनुसार वृद्धि गर्न नसकिएको तथापि हाल पछिल्लो २ वर्षमा वासलातको आकार राम्रो भएको व्यहोरा यहाँहरुलाई जानकारी भएकै छ भन्नु भयो ।

५) साधारण सभा ढिलो हुनुमा सञ्चालक समितिको प्रतिवेदन २०७४/७५ अन्तर्गत अन्य कुराहरुमा समेत प्रष्टिकरण दिई सकिएको र खासगरी बैंकको आर्जनले मात्र चुक्ता पूँजी पुऱ्याउन समर्थ नभई २० प्रतिशत हकप्रद शेयर जारी गर्न २०७५ आषाढ मसान्त सम्मको समय लाग्न गएको, २०७३/७४ को साधारण सभा समयमा हुन नसक्दा आ.व. २०७४/७५ को लागि लेखापरीक्षक नियुक्ती हुन नसकी कम्पनी रजिष्ट्रारको कार्यालयवाट लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षणको काम सम्पन्न गर्न केहि

KUMARI BANK LTD. CORPORATE OFFICE

ढिला हुन गएको र दुवै वर्षको साधारण सभा एकैसाथ गर्ने उद्देश्यले केही ढीला हुन गएको व्यहोरा अनुरोध गर्नु भयो ।

६) यस बैंकलाई Strong Bank बनाउने र संस्थागत सुशासन कायम राखि profit maximization गर्ने प्रतिवद्धता जनाउनु भयो ।

७) गैर बैकिंग सम्पत्तिको बिक्री क्रमैसँग गर्दै जाने, लागत सकेसम्म कम गर्दै जाने र अन्य बैंक सरह आगामि ५ वर्षमा यस बैंकलाई एउटा राम्रो Level मा पुऱ्याउने लक्ष्य रहेको व्यहोरा जानकारी गराउनु भयो ।

८) बैंकले अल्पकालिन र दिर्घकालिन लक्ष्य अन्तर्गत वार्षिक बजेट र पाँच वर्षे रणनीतिक योजना तय गरेको र उक्त रणनीतिक योजनालाई पुनरावलोकन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्नु भयो ।

९) बैंकको आफ्नै भवन होस् भन्ने लक्ष्यका साथ आफ्नो यस अघिको कार्यकालमा नै जग्गा खरिद गरेको तर सोहि बिचमा भूकम्प लगायत विभिन्न कारणले मूर्त रुप लिन नसकेको जानकारी हुन आएको तथापि आगामि दिनमा त्यसतर्फ सञ्चालक समितिसँग सल्लाह गरी अगाडि बढ्ने विचार व्यक्त गर्नु भयो ।

१०) मर्जरको सन्दर्भमा सञ्चालक समिति तथा संस्थापकहरुको चाहना अनुसार नै अगाडि बढ्ने र व्यक्तिगत रुपमा यसलाई समय सापेक्ष रुपमा अगाडि बढाउनु पर्ने आफ्नो विचार व्यक्त गर्नु भयो ।

११) आगामि वर्षको लाभाँश तेस्रो त्रिमासको मुनाफाले नै केही संकेत गरि सकेकोले गत आ.व. को भन्दा कम नहुने गरी दिने प्रयत्न रहेको धारणा राख्नु भयो ।

१२) आगामि वर्षको साधारण सभाको लागि लेखापरीक्षण कार्य समयमै सम्पन्न गर्न आजको सभावाट नियुक्त लेखापरीक्षकलाई यथाशिघ्र पत्र दिई कार्य शुरु गर्न अनुरोध गरिने र कानुन बमोजिम म्यादै भित्रै साधारण सभा सम्पन्न गर्न पहल गरिने प्रतिवद्धता जनाउनु भयो ।

१३) शेयरधनी भक्ति प्रसाद उप्रेतिले उठाउनु भएको झण्डै रु.४८ करोड को सन्दर्भमा उक्त रकम NFRS बमोजिमको regulatory requirement लाई अन्यथा भन्न सकिने अवस्था नरहेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्तमा यस बैंकमा हाल काम गर्ने राम्रो वातावरण भएको, सञ्चालक समितिवाट व्यवस्थापनलाई कार्य गर्न सहज भएको, कर्मचारीहरुलाई नियुक्ती पश्चात तालिमको व्यवस्था गर्ने गरिएको, CD ration well maintain गरी कर्जा लगानि गरिएको, portfolio management मा ध्यान दिएको, ब्याजदर बृद्धि लगायतका नियमन निकायको निर्देशन विपरित कुनै काम नगरिएको र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च गर्दा जारी निर्देशन तथा शेयरधनीहरुवाट प्राप्त शुझाव अनुसार शिक्षा तथा स्वास्थ्यमा बढी खर्च गरिएको व्यहोरा स्पष्ट पार्नु भयो । शेयरधनीज्यूहरुले उठाउनु भएका जिज्ञाशाहरुलाई आफुले समेट्ने प्रयत्न गरेको भन्नु हुँदै अरु त्यस्ता कुनै विषयहरु भए पुन: स्पष्ट गर्न सकिने व्यहोरा आश्वस्त तुल्याउनु भयो ।

अध्यक्षज्यूले यस सभामा शेयरधनी महानुभावहरुबाट दिनु भएको बहुमूल्य सुझावहरुलाई सम्भव भएसम्म प्राथमिकताका साथ कार्यान्वयन गर्ने विश्वास दिलाउनु भयो । साथै उहाँले यस सञ्चालक समितिले छोटो, छरितो सञ्चालक समिति गठन भई कार्य गर्न सहज हुने महशुस गरी असल मनशायका साथ सञ्चालक समितिको गठन सहित सञ्चालक निर्वाचन प्रस्ताव गरेकोमा दुर्भाग्यवश निर्वाचन हुन नसकेको प्रति आफु दु:खि रहेको व्यहोरा जानकारी गराउँदै जति सक्यो छिटो सम्मानित अदालतको आदेश खारेज हुनासाथ विशेष साधारण सभा बोलाई सञ्चालक निर्वाचन कार्य सम्पन्न गर्ने प्रतिवद्धता दोहोऱ्याउँदै

KUMARI BANK LTD. CORPORATE OFFICE

निर्वाचित सञ्चालक समिति गठन नहुँदा सम्म यस सञ्चालक समितिले कार्य गर्ने अख्तियारी पारित गरी दिनु हुन अनुरोध गर्नुभयो । अन्तमा आज प्रस्तुत सामान्य तथा, विशेष प्रस्तावहरुलाई उपस्थित शेयरधनी साथिहरुले तालि बजाई पारित गरि दिनु अनुरोध गर्नु हुँदै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन गर्नुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित छलफलका विषयहरुलाई तीन चरणमा विभाजन गरिएको जसअनुसार सामान्य प्रस्ताव, विशेष प्रस्ताव र विविध रहेकोले सर्व प्रथम सामान्य प्रस्ताव निर्णयार्थ पेश गरि त्यसपछि क्रमैसँग विशेष प्रस्ताव पारित गरीदिन अनुरोध गर्नुभयो ।

१४) **सभाको प्रस्ताव तथा निर्णयहरु:–**

**क. सामान्य प्रस्ताव**

१. **सत्रौं र अठारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**

**निर्णय:–** सभाको निर्धारित विषयसूचीको नम्वर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट ताली बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७४ र आषाढ मसान्त २०७५ को वासलात, आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय:–** प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७४ र आषाढ मसान्त २०७५ को वासलात, आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गरि दिन गरिएको प्रस्तावलाई सभावाट कर्तल ध्वनिका साथ ताली बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. **यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७४/०७५ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

**निर्णय:–** विषयसूची नं.३ अन्तर्गत रहेको बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७४/०७५ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरणलाई सभाले तालि बजाई पारित गर्ने निर्णय गरियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

४. आ.व.२०७४/०७५ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयवाट नियुक्त लेखापरीक्षक श्री बिआरएस न्यौपाने एण्ड कम्पनीका चाटर्ड एकाउन्टेण्ट श्री अनुप कुमार श्रेष्ठको नियुक्तीलाई अनुमोदन गर्ने र आ.व.२०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णयः**– आर्थिक वर्ष २०७४/७५ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयवाट नियुक्त लेखापरीक्षक श्री बिआरएस न्यौपाने एण्ड कम्पनीका चाटर्ड एकाउन्टेण्ट श्री अनुप कुमार श्रेष्ठको नियुक्ती र निजलाई भुक्तानि गरेको पारिश्रमिक कर सहित रु.२२,३१,७५०/ (अक्षरेपी बाईस लाख एकतिस हजार सातसय पचास) लाई अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व.२०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएका लेखापरीक्षक SR Pandey & Co., Nabil Galli, Maharajgung, Kathmandu का CA Sudarshan Raj Pandey लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम नै मूल्य अभिबृद्धि कर वाहेक Audit fee रु.१३,००,०००/– (जसमा स्टाच्युटरी अडिट, ट्याक्स अडिट, लङ्गफर्म अडिट रिपोर्ट र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि समेत) (अक्षरुपी तेह्र लाख मात्र) भुक्तानी गर्ने । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको सम्बन्धमा मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु.६,७५,०००/– (अक्षरेपी छ लाख पचहत्तर हजार) दिने निर्णय सहित जम्मा भुक्तानी कर वाहेक रु.१९,७५,०००/– र मूल्य अभिबृद्धि कर रु.२,५६,७५०/– समेत गरी कुल रु.२२,३१,७५०/– (अक्षरुपी बाईस लाख एकतिस हजार सात सय पचास मात्र) भुक्तानी गर्न राखिएको प्रस्तावलाई सभाबाट तालि बजाई सर्वसम्मतिले पारित गरी अनुमोदनगर्ने निर्णय गरियो ।

५. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनि समूह “क” को तर्फवाट २ जना र सर्वसाधारण शेयरधनी समूह “ख” को तर्फवाट २ जना गरी जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**निर्णयः**–प्रस्तुत प्रस्तावका सम्बन्धमा सर्वसाधारण शेयरधनी श्री नानुमाया देवकोटा (डिम्याट नं.१३०११२००००१०८५१) ले आफु कुमारी बैंकको महिला शेयरधनी मध्येवाट सञ्चालक हुने हकवाट बंचित हुने गरी बैंकको नियमावलि अभिलेख नगरी बैंकको मिति २०७५/१२/२७ मा प्रकाशित साधारण सभाको सूचना अनुसारको सञ्चालक निर्वाचन तथा सो सम्बन्धी कार्यक्रम अगाडि नबढाउन अन्तरिम आदेश सहित माग गरि कुमारी बैंक लगायतलाई विपक्षी बनाई उच्च अदालत पाटनमा दायर गरेको नं.०७५–WO–०८२० को रिट निवेदनमा सम्मानित अदालतबाट २०७६/०१/१९ मा १५ दिने कारण देखाउ आदेश सहित उक्त सूचना तथा कार्यक्रम बमोजिम संचालकको निर्वाचन नगर्नु नगराउनू भनि विपक्षीहरुको नाउँमा प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म अन्तरिम आदेश जारि दिएको छ भन्ने व्यहोराको आदेश बैंकमा मिति २०७६/०१/२० मा प्राप्त भई सञ्चालक निर्वाचन सम्बन्धी कारवाहि अगाडि बढ्न नसेकको व्यहोरा यस सभाले जानकारीमा लिने निर्णय गरियो । उक्त सम्बन्धमा सम्मानित अदालतबाट भएको सो सम्बन्धी आदेश खारेज भए पश्चात वा मुद्दाको अन्तिम टुङ्गो लाग्नासाथ विशेष साधारण सभा बोलाई सञ्चालक निर्वाचन गर्ने गरी बैंक सञ्चालक समितिवाट निर्णय भई अध्यक्षज्यूको मन्तब्य र प्रतिउत्तरमा समेत सो कुराको प्रतिवद्धता आई सकेकोले हाललाई सञ्चालक समितिको निर्वाचन नभएसम्मको लागि यसै सञ्चालक समितिले कार्य गर्ने गरि निरन्तरता दिने निर्णय शेयरधनीहरुवाट तालि बजाई सर्व सम्मतिले पारित गरियो ।

KUMARI BANK LTD.
CORPORATE OFFICE

ख. विशेष प्रस्ताव

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को लागि चुक्ता पूँजीको १२.७५ प्रतिशत र आ.व. २०७४/०७५ को लागि चुक्ता पूँजीको ८.५ प्रतिशत गरी जम्मा २१.२५ (एककाईस दशमलव दुई पाँच) प्रतिशत अर्थात रु.१,५२,२१,७८,१३९/ (अक्षेरेपी एक अर्ब बाउन्न करोड एक्काईस लाख अठहत्तर हजार एक सय उन्चालिस ) बराबरको बोनश शेयर स्वीकृत गर्ने र सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गर्ने ।**

**निर्णयः–** प्रस्तावित विषय सूचिको (ख) मा रहेको विशेष प्रस्ताव अन्तर्गतको (१) मा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को लागि चुक्ता पूँजीको १२.७५ प्रतिशत र आ.व. २०७४/०७५ को लागि चुक्ता पूँजीको ८.५ प्रतिशत गरी जम्मा २१.२५ (एककाईस दशमलव दुई पाँच) प्रतिशत अर्थात रु.१,५२,२१,७८,१३९/ (अक्षेरेपी एक अर्ब बाउन्न करोड एक्काईस लाख अठहत्तर हजार एक सय उनान्चालिस) बराबरको बोनश शेयर स्वीकृत गर्ने तथा सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) मा तल प्रस्ताव नं.८ मा उल्लेख गरिए बमोजिम शंसोधन गरी बैंकको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय प्रदेश नं.३ स्थित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ टंगाल कायम गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।**

**निर्णयः–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय प्रदेश नं.३ स्थित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ टंगाल कायम गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. **सम्बन्धित निकायको स्वीकृति लिइ बैंक आफै वा आवश्यक परे सहायक कम्पनी मार्फत शेयर दलाल सम्बन्धी कार्य गर्नको लागि प्रबन्धपत्रमा बैंकले गरिने कार्यहरु अन्तर्गत दफा ४ (ह) मा थप गर्ने ।**
**निर्णयः–**प्रस्ताव बमोजिम सम्बन्धित निकायको स्वीकृति लिइ बैंक आफै वा आवश्यक परे सहायक कम्पनी मार्फत शेयर दलाल सम्बन्धी कार्य गर्नको लागि प्रबन्धपत्रमा बैंकले गरिने कार्यहरु अन्तर्गत दफा ४ (ह) मा थप गर्ने प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. **सञ्चालक समितिको संख्या र कार्यकालका सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनसँग मेल खाने गरी बैंकको नियमावलिको नियम ८ (२ र (३), नियम १६ (१) र (२) मा संशोधन गर्ने ।**
**निर्णयः–** प्रस्ताव गरिए बमोजिम सञ्चालक समितिको संख्या र कार्यकालका सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनसँग मेल खाने गरी बैंकको नियमावलिको नियम ८ (२) र (३), नियम १६ (१) र (२) मा तल प्रस्ताव नं.८ मा उल्लेख गरिए बमोजिम संशोधन गर्ने प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५. **सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधामा वृद्धि हुने गरी बैंकको नियमावलीको नियम २९ (१) (ख) र (ग) संशोधन गर्ने ।**

KUMARI BANK LTD. CORPORATE OFFICE

**निर्णयः–** सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधामा वृद्धि हुने गरी बैंकको नियमावलीको नियम २९ (१) (ख) र (ग) संशोधन गर्ने सम्बन्धमा तल प्रस्ताव नं.८ मा उल्लेख गरिए बमोजिम हुने गरी तालि वजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

६. **बैंकले आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।**

**निर्णयः–** प्रस्ताव गरिए बमोजिम बैंकले आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई सभाले तालि बजाई अनुमोदन गर्ने निर्णय गरियो ।

७. **यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिवाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्नु पर्ने पारिश्रमिक तोक्न लगायतका प्रकृयाहरु अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**निर्णयः–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा कुमारी बैंक लि. र अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिवाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्नु पर्ने पारिश्रमिक तोक्न लगायतका प्रकृयाहरु अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्न गरेको प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

८. **माथि उल्लेख गरेनुसार बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्न, बैंकले गरिने कामहरुको क्रमसंख्या मिलाउन, थप गर्न, बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्न, सञ्चालक समितिको संख्या र कार्यकाल आदि ऐन बमोजिम मिलाउन प्रबन्धपत्रको दफा (२) को (१) संशोधन गर्ने, दफा ४ (ह) को १६ (क) र १६ (ख) मिलाउने, दफा ४ (ह) को १७ थप गर्ने र दफा ५ (ख) र (ग) संशोधन गर्ने । त्यसैगरी नियमावलीको नियम २, नियम ८ (२) को (क), (ख) र (ग), नियम ८ (३), नियम १६ (१) र (२), नियम २९ (१) को (ख) र (ग) संशोधन गर्ने ।**

**निर्णयः–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्न, बैंकले गरिने कामहरुको क्रमसंख्या मिलाउन, थप गर्न, बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्न, सञ्चालक समितिको संख्या र कार्यकाल आदि ऐन बमोजिम मिलाउन प्रबन्धपत्रको दफा (२) को उपदफा (१) संशोधन गर्ने, दफा ४ (ह) को १६ (क) र १६ (ख) मिलाउने, दफा ४ (ह) को उपदफा १७ थप गर्ने र दफा ५ (ख) र (ग) संशोधन गर्ने । त्यसैगरी नियमावलीको नियम २, नियम ८ को उपनियम (२), उपनियम (२) को (क), (ख) र (ग), नियम ८ को उपनियम ३, नियम १६ को उपनियम (१) र (२), नियम २९ को उपनियम (१) को (ख) र (ग) को (५) संशोधन गर्ने सम्बन्धी प्रस्तावलाई सभाले देहाय बमोजिम गर्ने गरी तालिबजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो :–

KUMARI BANK LTD. CORPORATE OFFICE

**प्रबन्धपत्रको दफा २ को उपदाफ (१) को व्यवस्था :**

"यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.३ स्थित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२, टंगालमा रहनेछ ।"

**प्रवन्धपत्रको दफा ४ (ह) को १६ (क) को व्यवस्था :**

"प्रचलित कानूनको अधिनमा रही नियमनकारी/अन्य निकायको स्वीकृति लिई मर्चेण्ट बैकिगं सम्बन्धी कार्य गर्ने ।"

**प्रवन्धपत्रको दफा ४ (ह) को १६ (ख) को व्यवस्था :**

"बैंकले धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी आवश्यक कार्य गर्ने ।"

**प्रबन्धपत्रको दफा ४ (ह) १७ को व्यवस्था :**

"प्रचलित कानूनको अधिनमा रही नियमनकारी/अन्य निकायको स्वीकृति लिई बैंक आफै वा सहायक कम्पनी मार्फत् शेयर दलाली सम्बन्धी कार्य गर्ने ।"

**प्रबन्धपत्रको दफा ५ (ख) को व्यवस्था :**

"बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.८,६८,५५,७३,१२७/१५ (अक्षरुपी आठ अर्ब अठसट्ठी करोड पचपन्न लाख त्रिहत्तर हजार एकसय सत्ताइस र पैसा पन्ध्र मात्र) हुनेछ ।"

**प्रबन्धपत्रको दफा ५ (ग) को व्यवस्था :**

"बैंकको तत्काल चुक्ता पुँजी रु.८,६८,५५,७३,१२७/१५ (अक्षरुपी आठ अर्ब अठसट्ठी करोड पचपन्न लाख त्रिहत्तर हजार एकसय सत्ताइस र पैसा पन्ध्र मात्र) हुनेछ ।"

**नियमावलीको नियम २ को व्यवस्था :**

"यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.३ स्थित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ टंगालमा रहनेछ ।"

**नियमावलीको नियम ८ (२) को व्यवस्था :**

"यस बैंकमा महिला सहित ५ जनाको सञ्चालक समिति हुनेछ । सञ्चालक समितिको समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।"

**नियमावलीको नियम ८ (२) (क) को व्यवस्था :**

संस्थापक समूहका शेयरधनीबाट निर्वाचित २ जना ।

**नियमावलीको नियम ८ (२) (ख) को व्यवस्था :**

सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित २ जना ।

**नियमावलीको नियम ८ (२) (ग) को व्यवस्था :**

स्वतन्त्र सञ्चालक १ जना ।

**नियमावलीको नियम ८ (३) को व्यवस्था :**

"सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्ष हुनेछ । साथै कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकाल भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।"

**नियमावलीको नियम १६ (१) को व्यवस्था :**

"प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले व्यवस्था गरे बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येवाट सञ्चालक समितिले एक जनालाई स्वतन्त्र सञ्चालकमा नियुक्त गर्नेछ ।"

**नियमावलीको नियम १६ (२) को व्यवस्था :**

"उपनियम (१) बमोजिम नियुक्त सञ्चालकको कार्यकाल ४ बर्षको हुनेछ र निज एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ ।"

KUMARI BANK LTD.
CORPORATE OFFICE

**नियमावलीको नियम २९ (१) (ख) को व्यवस्था :**

"सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु.१२,०००/- र सञ्चालकहरुलाई रु.१०,०००/- बैठक भत्ता तथा टेलीफोन, मोबाईल र पत्रपत्रिका खर्च वापत अध्यक्ष तथा सञ्चालकहरुलाई मासिक रुपमा रु.१५,०००/- एकमुष्ठ भुक्तानी गरिनेछ ।"

**नियमावलीको नियम २९ (१) (ग) ५ को व्यवस्था :**

(५) नेपाल ।

**होटल सुविधाः**

अध्यक्ष : ने.रु. १२,०००/- सञ्चालक : ने.रु. १०,०००/-

**दैनिक खानाः**

अध्यक्ष : ने.रु. ५,०००/- सञ्चालक : ने.रु. ४,५००/-

**पकेट खर्चः**

अध्यक्ष : ने.रु. ३,०००/- सञ्चालक : ने.रु. २,५००/-

नोट : यातायात खर्च वास्तविक बिल बमोजिम हुनेछ ।

९. **बैंकको प्रबन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारि निकायहरुवाट कुनै कुराहरु फेरबदल/शंसोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**निर्णयः–** प्रस्ताव बमोजिम बैंकको प्रबन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारि निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनि रजिष्ट्रारको कार्यालय आदि) वाट कुनै कुराहरु फेरबदल/शंसोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न भएको प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

ग. विविध ।

प्रस्ताव खण्डको (ग) को विविध शिर्षक अन्तर्गत केही नभएको ।

सभाको अन्तमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरु सर्वसम्मतिले पारित गरी दिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने प्रमुख लगानिकर्ता तथा अन्य संस्थापक शेयरधनी महानुभावहरु, सर्वसाधारण समूहका शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि. लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवै प्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

नरेन्द्र प्रसाद छत्कुली
कम्पनी सचिव

KUMARI BANK LTD.
CORPORATE OFFICE

सन्तोष कुमार लामा
अध्यक्ष